# 多言語情報コーナー　　　　　　　　　　　　　　（令和８年　６月号）

## (१) माईना-आपतकालीनको पूर्ण-स्तरीय सञ्चालन बारे जानकारी!

माईना-आपतकालीन भनेको, आपतकालीन चिकित्सा दलका कर्मचारीहरूले बिरामी र घाईतेको माइना-बीमाकार्ड (स्वास्थ्य बीमाकार्ड रूपमा प्रयोगगर्न दर्ता गरेका माई-नम्बरकार्ड) द्वारा, बिरामी र घाईतेको उपचार सम्बन्धि जानकारी आदि पाउन सुविधादिने प्रणाली हो।

अहिलेसम्म, ११९ मा गरिने  आपतकालीन फोन-कलले घट्नास्थलमा पुगेका चिकित्सा दलका कर्मचारीहरूले अस्पताल लैजाने व्यक्तिको नाम, जन्ममिति आदि जस्ता आधारभूत जानकारीहरु बाहेक, पहिले देखिनै प्रयोगगर्ने गरेका अस्पताल र औषधिहरु आदि जस्ता विभिन्न जानकारीहरुको लागि सोधपूछ गर्ने गरिन्थ्यो।
 तर, बिरामी अथवा घाऊ-चोटले पीड़ित व्यक्ति स्वयं र उनका विचलित परिवारजनहरुले एक्कासि त्यस्ता जानकारीहरु सही रूपमा बुझाउन र चिकित्सा दलले थाहापाउन कहिलेकाहिं गार्हो पनि पर्ने गर्दथ्यो।
 अबदेखि, माई-नम्बरकार्ड देखाएमात्रले, तपाईंको चिकित्सा इतिहास, औषधिको प्रिस्क्रिप्शन, र अस्पताल भ्रमणहरुको बारेमा सही जानकारी प्राप्त गर्नसकिनेछ।

आपातकालीन चिकित्सा दलका कर्मचारीहरुले यसरी अग्रिमरूपमा घाईते वा बिरामीको उपचार जानकारी पाऊनाले, कुन अस्पताल पूर्याउने कुराको निर्णय देखि लिएर एमबुलेन्स भित्र गर्नुपर्ने कुरा र  अस्पताल पुग्नेबित्तिकै उपचार शुरूगर्न सकिने तैयारी आदिमा उपयोगी भएर, बिरामीको ज्यान समयमै बचाउन मद्दत पुग्दछ।
आपातकालीन चिकित्सा दलका कर्मचारीहरुबाट माइना-होकेन्स्योउ देख़ाउन मागभएमा, सहयोग गर्नुहुन अनुरोध गरिन्छ।

## (२) कन्भिनियंस स्टोरहरुमा प्रमाणपत्रहरु जारी गरिने सेवाबारे जानकारी!

कन्भिनियंस स्टोरहरुमा राखिएका मल्टीकपिअर मेशिनबाट, "स्योतोकु काजेइ स्योउमेइस्यो" (आयकर प्रमाणपत्र), "नोउजेइ स्योउमेइस्यो" (कर भुक्तानी प्रमाणपत्र) प्राप्तगर्न सकिन्छ। यो सेवा प्रयोग गर्न, माई-नम्बर कार्ड आवश्यक पर्दछ।

नजिकको कन्भिनियंस स्टोरबाट प्रमाणपत्र लिने होभने, निम्नानुसार गर्नुहोस्।

① सबभन्दा पहिले, माई-नम्बर कार्ड तयार राख्नुहोस्। ४ डिज़िटको **PIN** आवश्यकछ।

② कन्भिनियंस स्टोर भित्रको मल्टीकपिअर मेशिनमा, "行政サービス" → "証明書交付"{(ग्योसेइ सा-बिसु)→(स्योउमेइस्योउ कोउफु) = (प्रशासनिक सेवाहरू)→(प्रमाणपत्र जारी गर्ने)} बटन पालैसंग दबाउनुहोस्।

③ त्यसपछि, मल्टीकपिअर मेशिनको माई-नम्बर कार्ड राख्ने स्थानमा आफ्नो कार्ड राखेर ४ डिज़िटको **PIN** इन्पुट गर्नुहोस्।

④ त्यसपछि, आफुलाई चाहिएको प्रमाणपत्र रोजेर, संख्या (प्रति) रोज्नुहोस्। ज्युउमिन्ह्योउ, ईन्कान् स्योउमेइस्यो देखि प्रत्येक कर प्रमाणपत्रहरु रोज्न सकिन्छ।

⑤ मल्टीकपिअर मेशिनमा शुल्क बापतको पैसा राख्नुपर्दछ। कन्भिनियंस स्टोरमा शियाकुस्योको भन्दा १०० येन सस्तो पर्दछ।

⑥ मल्टीकपिअर मेशिनबाट प्रमाणपत्र निस्केपछि लिएर जानुहोस्।

प्रमाणपत्रहरू पाउन सम्भव भएका बर्षहरुमा, सबैभन्दा पछिल्लो बर्ष र विगत दुईबर्षका रहेकाछन्।

यसबाहेक, यो सुविधा ती व्यक्तिहरूका लागि हो जो प्रमाणपत्र प्राप्त गर्ने बर्षको जनवरी १ तारीख़मा तोचिगी शहरमा बसोबास गरेका थिए र आवेदन मितिसम्म पनि तोचिगी शहरमा बसोबास गरिरहेका छन्।

# 多言語情報コーナー

（令和８年　６月号）

निम्न कन्भिनियंस  स्टोरहरूमा प्रमाणपत्रहरू लिन सकिन्छ: सेभेन-इलेभेन, लसन, फेमिलीमार्ट, मिनिस्टप, र ईओन। जारी गर्ने समय बिहान ६:३० देखि राति ११:०० बजेसम्म हो। ईयोन चाँहीं यसको आफ्नो व्यवसाय समयमा खुला रहन्छ।

## (३) बाल तथा बाल हेरचाह सहयोग अनुदान प्रणालीको बारेमा जानकारी!

"बाल तथा बाल-पालन सहयोग अनुदान" नामक, जापान देशभरिमा बालबालिका हुर्काउने परिवारहरूलाई सहयोग गर्नका लागि, कम्पनीहरू र व्यक्तिहरूले स्वास्थ्य बीमा शुल्क संगै सरकारलाई बुझाउनुपर्ने नयाँ अनुदान प्रणाली यहि २०२६ सालको अप्रिल महिना बीमा शुल्क (मे महिनामा भुक्तानी गर्नुपर्ने रकम) बाट शुरू भएकोछ।

हालैका वर्षहरूमा, घट्दो जन्मदर र जनसंख्या घट्ने क्रम तीव्र गतिमा बढिरहेको छ, त्यसैले सरकारले घट्दो जन्मदरलाई व्यवस्थित गर्ने उपायहरूको लागि कोष प्रदान गर्ने उद्देश्यले यो प्रणाली सिर्जना गरेको हो।

जापानमा, स्वास्थ्य बीमामा भर्ना भएका जो कोहीले पनि राष्ट्रियताको पर्वाह नगरी बीमा रकमको भुक्तानी गर्छन्। यसमा, उदाहरणका लागि, स्वास्थ्य बीमा संघहरू, राष्ट्रिय स्वास्थ्य बीमा, र वृद्धवृद्धाहरूको लागि चिकित्सा हेरचाह प्रणालीमा सामेल भएकाहरू समावेश छन्। यो बोझ सबै पुस्ताहरूले साझा गर्नेछन्, जसमा बच्चा नभएकाहरू, एकल व्यक्तिहरू र वृद्धहरू पनि समावेश छन्।

यो कर होइन। यो तपाईंको स्वास्थ्य बीमा प्रिमियममा थपिने सानो मासिक योगदान हो। यो रकम चाँही, तपाईंको आय र सामेल स्वास्थ्य बीमा योजनामा, व्यक्ति अनुसार निर्भर गर्दछ।

कम्पनीमा कार्यरत व्यक्तिहरूको लागि, यो तपाईंको मासिक स्वास्थ्य बीमा प्रिमियममा थपिन्छ र तलबबाट कटौती गरिन्छ।

सङ्कलन गरिएको रकम बाल भत्ता विस्तार गर्न, प्रसव र बाल हेरचाहलाई सहयोग गर्न, अभिभावकीय बिदालाई सहयोग गर्न र बाल हेरचाह सेवाहरू प्रदान गर्न प्रयोग गरिन्छ।

यस बिषयमा, तपाईंहरुको समझदारीका लागि अनुरोध गरिन्छ।